# संघीय संसद
# राष्ट्रिय सभा

## बाह्रौं अधिवेशन
## बैठक - ४३
## २०७९ साउन १२ गते बिहीबार (दोस्रो)
## अपराह्न १२:२५ बजे

## दैनिक कार्यसूची

### प्रतिवेदन पेश

१. राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती) ले "राष्ट्रिय सरोकार तथा समन्वय समितिको वार्षिक प्रतिवेदन २०७८/०७९" सभा समक्ष पेश गर्नुहुने।

२. विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रले देहायका प्रतिवेदनहरू सभा समक्ष पेश गर्नुहुनेः-

(क) प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६" सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन,

(ख) सामाजिक व्यवहार सुधार ऐन, २०३३ को उत्तर विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०७७,

(ग) संक्रामक रोग ऐन २०२० को उत्तर विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०७८।

### व्यवस्थापन कार्य

३. माननीय गृह मन्त्री बालकृष्ण खांणले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

४. माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईले राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

५. माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीले राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "जेष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव